निर्वाचन आयोग
Election Commission,Nepal.
जिल्ला निर्वाचन कार्यालय
District Election Office
ललितपुर, Lalitpur
PhoneNo.01-5524425
E-Mail: deo.lalitpur@election.gov.np

प.सं. ०७९/०८०

च.नं.:- ६३

मितिः २०७९/०५/०८ गते

श्री बागमती गाउँपालिकाको कार्यालय,
भट्टेडाँडा, ललितपुर ।

विषयः- सूचना टाँस तथा मतदाता नामावली प्रकाशन सम्बन्धमा ।

२०७९ साल मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि मतदाता नामावली अध्यावधिक (दाबी बिरोध समेत) कार्यक्रम, २०७९ मिति २०७९/०५/१२ देखि मिति २०७९/०५/१९ गते सम्म संचालन हुने भएकोले उक्त कार्यक्रमको कार्यतालिका अनुसूची-२ यसै पत्रसाथ संम्लग्न राखि पठाईएको छ । उल्लेखित कार्यतालिका मिति २०७९/०५/१२ गते तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरिदिनु हुन साथै सबै वडा कार्यालयहरुमा मतदाता नामावली प्रकाशन र सो सूचना टाँस गर्ने व्यवस्था गरिदिनु हुन अनुरोध छ ।

<u>मतदाता नामावली अध्यावधिक (दाबी बिरोध समेत) कार्यक्रम, २०७९ सम्बन्धमा तहाँ गाउँपालिकाबाट सहयोग हुनु पर्ने बिषयहरु :</u>

१. यस कार्यालयले उपलब्ध गराएको मतदाता नामावली मिति २०७९/०५/१२ गते तहाँ गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालयहरुमा प्रकाशन गर्ने व्यवस्था मिलाई दिनु हुन ।

२. मतदाता नामावलीमा नाम भएका मतदाताहरुको त्रुटी सच्चाउन र दोहोरो नाम हटाउन मिति २०७९/०५/१३देखि मिति २०७९/०५/१५गते सम्म वडा कार्यलायहरु मार्फत निवेदन दिन सकिने छ ।

३. मतदाता नामावलीमा नाम भएका व्यक्तिमध्ये तहाँ स्थानीय तहबाट बसाई सराई गरी र विवाह भै अन्यत्र गएका र मृत्यु भएका व्यक्तिहरूको विवरण स्थानीय पंजिकाधिकारीहरुबाट प्रमाणित गरी मिति २०७९/०५/१३ देखि मिति २०७९/०५/१६ गते भित्र जिल्ला निर्वाचन कार्यालय ललितपुरमा उपलब्ध गराई दिने व्यवस्था हुन ।

४. अनुसूची फारामहरु तहाँ गाउँपालिकाको ईमेल ठेगानामा Soft Copy समेत पठाईएको छ ।

५. मतदाता नामावली अध्यावधिक (दाबी बिरोध समेत) कार्यक्रम २०७९ मा कुनै मतदाताले निवेदन दिन चाहेमा यस कार्यालयको ईमेल ठेगाना deo.lalitpur@election.gov.np मार्फत समेत निवेदन दिन सकिने छ ।

गोमा धमला घिमिरे
(प्रमुख नाम दर्ता अधिकारी)

निर्वाचन आयोग
जिल्ला निर्वाचन कार्यालय
ललितपुर, २०७६

# सूचना ! सूचना !! सूचना !!!

यही मिति २०७९ भाद्र १२ देखि १९ गतेसम्म निर्वाचन आयोगले जिल्ला निर्वाचन कार्यालय र देशभरका सबै स्थानीय तहका वडा कार्यालयहरुमा मतदाता नामावली अध्यावधिक (दावी विरोध समेत) कार्यक्रम, २०७९ तपशिल बमोजिम संचालन गर्दैछ ।

<u>तपशिल</u> :

| अवधि | कार्यक्रम | कैफियत |
|---|---|---|
| २०७९ भाद्र १२ गते | सम्बन्धित वडा कार्यालय र प्रमुख नामदर्ता अधिकारीको कार्यालयमा कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन गर्ने । | |
| २०७९ भाद्र १३ देखि १५ गते सम्म | प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटी सच्याउन, मतदाता नामावलीमा कसैले झुट्टा विवरणा दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने, दोहोरो नाम हटाउन निवेदन दिने । | |
| २०७९ भाद्र १३ देखि १६ गते सम्म | प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका, वसाई सराई र विवाह गरी अन्यत्र गएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्ध भएका मतदाताहरुको नाम हटाउन सूचना दिने । | |
| २०७९ भाद्र १३ देखि १७ गते सम्म | प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए प्रमाण सहित सफाईको मौका दिने । | |

अनुसूची २

निर्वाचन आयोग, नेपाल

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय ........

मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम सम्बन्धी सूचना

**मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७९ देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।**

| क.सं. | क्रियाकलाप | देखि | सम्म | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७९/०५/१२ | २०७९/०५/१२ | मतदाता नामावली ऐन, २०७३ को दफा १३ | सम्बन्धित वडा कार्यालय र प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| २ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिने | २०७९/०५/१३ | २०७९/०५/१५ | मतदाता नामावली ऐन, २०७३ को दफा १४ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धीत मतदाता वा निजको परिवारको सदस्य |
| ३ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | २०७९/०५/१३ | २०७९/०५/१५ | मतदाता नामावली ऐन, २०७३ को दफा १५ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि व्यक्ति |
| ४ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने (एकै स्थानीय तह वा फरक फरक स्थानीय तह वा एकै जिल्ला भित्रको भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमुख नाम दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिने) | २०७९/०५/१३ | २०७९/०५/१५ | मतदाता नामावली ऐन, २०७३ को दफा १६ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |
| ५ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | २०७९/०५/१३ | २०७९/०५/१६ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै व्यक्ति |
| ६ | बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने | २०७९/०५/१३ | २०७९/०५/१६ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | स्थानीय पञ्जिकाधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय |
| ७ | क.सं. ३ बमोजिम उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०७९/०५/१३ | २०७९/०५/१७ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सम्बन्धित मतदाता |
| ८ | क.सं. ५ बमोजिम प्राप्त सूचना र क.सं. ६ बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको हकमा जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । | २०७९/०५/१३ | २०७९/०५/१७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| ९ | सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बँसाई सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको व्यहोरा प्रमाणित हुन आएमा त्यस्तो मतदाताको नाम नामावलीबाट हटाउने । | २०७९/०५/१६ | २०७९/०५/१७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| १० | क.सं. ३ बमोजिम परेको उजुरी र क.सं. ७ बमोजिम सम्बन्धित मतदाताले दिएको सफाइको आधारमा उक्त मतदाताको नामावलीबाट नाम हटाउने वा राख्ने सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारीले निर्णय गर्ने । | २०७९/०५/१७ | २०७९/०५/१८ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | | प्रमुख नाम दर्ता अधिकारी |
| ११ | कसं. २ बमोजिम परेका निवेदन बमोजिम जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने | २०७९/०५/१८ | २०७९/०५/१८ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | | प्रमुख नाम दर्ता अधिकारी |
| १२ | क.सं. ११ बमोजिम त्रुटि सच्याइएको र क.स. ४, ८, ९ र १० बमोजिम नाम हटाइएको सूचना निर्वाचन कार्यालयमा प्रकाशन गर्ने | २०७९/०५/१८ | २०७९/०५/१८ | मतदाता नामावली ऐन, २०७३ को दफा १८(३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १३ | क.सं. ४ बमोजिम फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | २०७९/०५/१९ | २०७९/०५/१९ | मतदाता नामावली ऐन, २०७३ को दफा १७(३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय/निर्वाचन आयोग | प्रमुख नाम दर्ता अधिकारी |